आर्थिक बर्ष २०७४/०७५ को

# आर्थिक ऐन

अन्नपूर्ण गाउँपालिका

म्याग्दी जिल्ला

प्रदेश नं. ४

२०७४

# स्थानीय तहको आर्थिक ऐन
## अन्नपुर्ण गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको बिधेयक

सभाबाट स्वीकृत मिति :-२०७४/०३/३०

**प्रस्तावना :-**

अन्नपुर्ण गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्थ ।गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम अन्नपुर्ण गाउँपालिकाको गाउँ सभाले यो नियम बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐनको नाम "आर्थिक ऐन २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावन १ गतेदेखि अन्नपुर्ण गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर :-** गाउँपालिका क्षेत्रभित्र बार्षिक आम्दानीको रकम वा मात्रा अनुसार एकिकृत सम्पति कर लगाइनेछ।

यस सम्वन्धमा आवश्यक गृहकार्य यसै आ.व.देखि प्रारम्भ गरी नियमानुसार प्रकृया अगाडि बढाइनेछ ।

**३. भूमी कर (मालपोत):-** गाउँपालिका क्षेत्रभित्र देहाय अनुसारको भूमि कर, मालपोत कर लगाइने र असूल उपर गरिनेछ ।

देहाय :–

- ५ रोपनी सम्मको न्युनतम रकम रु.३० रुपैयाँ मात्र ।
- सो भन्दा माथि प्रति रोपनी थप रकम रु.५ रुपैयाँ ।

**४. घर बहाल कर :-** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा र पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिईएको कूल रकमको १०% वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५. ब्यवसाय कर :-** गाउँ पालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा ब्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । जसका लागि वडा कार्यालयहरुबाट सम्वन्धित वडा मातहत रहेका ब्यवसायहरुको पहिचान गर्ने तथा उक्त वडाको प्रतिवेदन अनुसार न्युनतम रु.१००० र अधिकतम रु.५००० सम्म ब्यवसाय कर लगाइनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :-** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेद गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरे वापत देहाय अनुसारको कर लगाई असुल उपर गरिनेछ ।

- साना गाडि प्रति पटक रु.१०००
- ठूलो गाडि प्रति पटक रु२०००

७. सवारी साधन कर :- गाउँ पालिका क्षेत्रभित्र प्रचलनमा रहेका वा प्रयोगमा रहेका सवारी साधनहरको संख्या एकिन गरी दर्ता प्रकृयालाई ब्यवस्थित बनाउने कार्यलाई यसै आ.व.बाट सुरु गरी करको दर निर्धारण गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. विज्ञापन कर :- गाउँ पालिका क्षेत्रभित्र हुने विज्ञानपनहरुमा देहाय अनुसारको विज्ञापन कर लगाइनेछ :–

- स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.१५ का दरले ।
- राष्ट्रिय वा ठूलो उत्पदान/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.५० का दरले ।

९. मनोरञ्जन कर :- जिल्ला प्रशासन कार्यालयबाट मेला सञ्चालनको स्वीकृति एवं अनुमति लिइ गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्नात्मक प्रबृत्तिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरेबापत प्रति मेला एकमुस्ट रु ५००० रुपैया लिइनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्क :- गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट-बजार, पसल वा अन्य कुनै प्रकारको ब्यवसायिक भवन प्रयोगमा ल्याईएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम बहाल बिटौरी कर लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ्ग शुल्क :– गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय बमोजिमको पार्किङ्ग शुल्क लिइनेछ :–

- दुई पाङ्ग्रे सवारी साधनलाई प्रतिदिन रु.५
- ट्याक्सीलाई प्रतिदिन रु.१०
- यात्रुवाहक बसलाई प्रतिदिन रु.२०
- मालवाहक ठूला गाडिहरुलाई प्रतिदिन रु.५०

१२. ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क :–

गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा ब्यवसाय सञ्चालन गर्ने ब्यवसायीहरुको तथ्याङ्क सङ्कलन गरी शुल्क लगाउने प्रकृयालाई अगाडि बढाउनेछ ।

१३. सेवा शुल्क र दस्तुर :–

गाउँपालिकले निर्माण, सञ्चालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची (१) मा ब्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. पर्यटन शुल्क :–

यस गाउँ पालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाईने कार्यलाई यसै आ.व.बाट सुरु गर्न उपयुक्त गरिनेछ । जसका लागि अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), TIMS लगायत यस गाउँ पालिकाको क्षेत्रभित्र पर्यटनसँग सम्वन्धित सरोकारवालाहरुसँग छलफल र सहकार्य मार्फत शुल्क निर्धारण गरिनेछ ।

१५. कर छुट :–

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा सँस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन ।

१६. कर तथा शुल्क सङ्कलन सम्वन्धि कार्यविधि :–

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची (१)

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७४।०७५ को सेवा शुल्क तथा सिफारिस दस्तुर रकम रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १०० |
| २ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | २०० |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस | १०० |
| ४ | नागरिकताको संशोधन सिफारिस | १०० |
| ५ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | २०० |
| ६ | विद्युत सिफारिस | १०० |
| ७ | विद्युत सिफारिस (थ्रिफेज) | ५०० |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम थर सिफारिस | १०० |
| ९ | जन्म मिति प्रमाणित | २०० |
| १० | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | २०० |
| ११ | नाम , थर जन्ममिति संसोधन सिफारिस | १०० |
| १२ | घरजग्गा नामसारी सिफारिस | १०० |
| १३ | सम्बन्ध विच्छेद भएको सिफारिश | २०० |
| १४ | फुकुवा सिफारिस | २०० |
| १५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | २०० |
| १६ | हकवाला संरक्षण सिफारिस | २०० |
| १७ | अविवाहित प्रमाणिकरण सिफारिस | २०० |
| १८ | नक्कल प्रमाणित दस्तुर (मालपोत रसिद समेत ) | २०० |
| १९ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ३०० |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |

| | | |
|---|---|---|
| २१ | घर नक्सा नामसारी सिफारिस | २०० |
| २२ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | ५०० |
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | २०० |
| २४ | नीजि क्षेत्रका रुख कटान सिफारिस | २०० |
| २५ | मिलापत्र दस्तुर | २०० |
| २६ | नावालक परिचयपत्र सिफारिस | १०० |
| २७ | घटना दर्ता जन्म , मृत्यु , बसाइसराइ, बिबाह र सम्बन्ध बिच्छेद | १०० |
| २८ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | १०० |
| २९ | पारिवारिक विवरण | २०० |
| ३० | खानेपानी सम्वन्धि सिफारिस | १०० |
| ३१ | उद्योग सिफारिस | ५०० |
| ३२ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | १००० |
| ३३ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ३०० |
| ३४ | चारकिल्ला प्रमाणित | २०० |
| ३५ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | १०० |
| ३६ | बजार क्षेत्रका घरबाटो सिफारिस | २०० |
| ३७ | संस्था दर्ता सिफारिस | ३०० |
| ३८ | ब्यावसाय दर्ता सिफारिश | न्युनतम १००– अधिकतम ५०० |
| ३९ | बिबाह प्रमाणिता | २०० |
| ४० | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | २०० |
| ४१ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | २०० |
| ४२ | घर बाटो प्रमाणित | २०० |
| ४३ | घर कायम सिफारिस | २०० |
| ४४ | मन्जुरीनामा प्रमाणित | २०० |

| | | |
|---|---|---|
| ४५ | घर पातल प्रमाणित | २०० |
| ४६ | हकवाला वा हकदार प्रमाणित | २०० |
| ४७ | नया व्यसाय नविकरण | ५०० |
| ४८ | नया व्यवसाय दर्ता | ५०० |
| ४९ | नक्सा पास पक्की प्रति तला | २००० |
| ५० | नक्सा पास कच्ची प्रति तला | ५०० |
| ५१ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस प्रमाणितमा | ५०० |
| ५२ | सम्पत्ति एवं धितो मुल्याङ्कन | प्रति लाख रु ५० |
| ५३ | वार्षिक आय प्रमाणित | प्रति लाख १ सय प्रति वर्ष |
| ५४ | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिस एवं प्रमाणितहरुमा | २०० |

**नोटः-** गाउँ पालिका क्षेत्र भित्रका फरक क्षमता भएका, आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप सम्वन्धि सिफारिसहरुमा प्रकृति हेरी सिफारिस दस्तुर छुट दिईनेछ ।